नेपाल सरकार

गृह मन्त्रालय

जिल्ला प्रशासन कार्यालय,पर्सा

प्रमुख जिल्ला अधिकारी श्री दिनेश सागर भुसालले गरेको फैसला

**मुद्दा-: अभद्र व्यवहार ।**

**मि.नं.-४२ दायर मितिः-२०८१/०४/२४**

**फैसला मितिः-२०८१/०४/२४**

| वादी | प्रतिवादी |
|---|---|
| प्र.स.नि.अभिनन्दन कुशवाहा समेतको प्रतिवेदनले नेपाल सरकार.........................१ | जिल्ला पर्सा बी.म.न.पा.वडा नं.२१ बस्ने रुपेश महतो तत्माको छोरा बर्ष १९ को विशाल कुमार महतो.........१ |

प्रस्तुत मुद्दा यस कार्यालयको क्षेत्राधिकार भित्र पर्ने भई यस मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार छः-

**तथ्य-खण्ड**

१. प्रतिवादीले गाली गलौज गर्दै कर्तव्य पालनमा बाधा पुर्याएर अभद्र व्यवहार भन्ने प्रहरी प्रतिवेदन.।
२. प्रतिवादीले प्रहरीलाई गाली गलौज गर्दै कर्तव्य पालनमा बाधा पुर्याएर अभद्र व्यवहार गरेको भन्ने समेत व्यहोराको घटनास्थल मुचुल्का ।
३. मैले गाली गलौज गर्दै कर्तव्य पालनमा बाधा पुर्याएर अभद्र व्यवहार गरेकोले पक्राउ गरेको हो भन्ने प्रतिवादीको बयान कागज।
४. प्रहरीलाई गाली गलौज गर्दै कर्तव्य पालनमा बाधा पुर्याएर अभद्र व्यवहार गरेकोले कानून बमोजिम कारवाही हुनु पर्छ भनि मौकामा बुझिएका सुखाडी साह तेली समेतको घटनाविवरण कागज।
५. जिल्ला सरकारी वकिल कार्यालय, पर्साको अभियोग पत्र ।
६. प्रतिवादी यस कार्यालयमा उपस्थित भई गरेको साबिती बयान ।

**ठहर-खण्ड**

यसमा मिति २०८१।०४।०८ गते अ.२०:३० बजेको समयमा जिल्ला पर्सा वीरगंज म.न.पा.वडा नं.८ घण्टाघरस्थित चोरी भएको भन्ने सूचना प्राप्त हुनासाथ उक्त स्थानमा पुग्दा विशाल कुमार महतोलाई शंकास्पदरुपमा फेलापारी चोरी भएको सम्बन्धमा सोधपुछ गर्दा निजले उचित जवाफ नदिई उल्टै आवेशमा आई अपशब्द प्रयोग गरी गाली गलौज गर्दै कर्तव्य पालनमा बाध पुर्याई अभद्र व्यवहार गरेको भन्ने प्रहरी प्रतिवेदन तथा घटनास्थल मुचुल्का, सोही व्यहोरालाई पुर्ण समर्थन हुने गरी मौकामा बुझिएका घटनाविवरणको साक्षीहरुले गरी दिएको कागज तथा अधिकार प्राप्त अधिकारी समक्ष यी प्रतिवादीले गरेको बयान तथा प्रतिवादी यस कार्यालयमा उपस्थित भई गरेको साबिती बयान समेतको आधारमा यी प्रतिवादीले मुलुकी अपराध संहिता,२०७४ को दफा ११८(१) बमोजिम कसूर गरेको ठहर्छ। सो ठहर्नाले मुलुकी अपराध संहिता,२०७४ को दफा ११८(२) बमोजिम प्रतिवादी विशाल कुमार महतोलाई कैद दिन १६ र जरिवाना रु.२०००/- अक्षरेपी दुई हजार मात्र ठहर्छ। अरुमा तपसिल बमोजिम गर्नु भनी यो फैसला गरिदिए।

**तपसिल खण्ड**

१.माथि इन्साफ खण्डमा लेखिए बमोजिम मुलुकी अपराध संहिता,२०७४ को दफा ११८(१) बमोजिमको अपराधमा ऐ.संहिताको दफा ११८(२) बमोजीम प्रतिवादी विशाल कुमार महतोलाई ठहरेको कैद दिन १६ को हकमा निज मिति २०८१/०४/०८ देखि २०८१/०४/२३ सम्म हिरासतमा बसी कैद भुक्तान गरिसकेको र जरिवानाको हकमा रकम रु.२०००/- असुल उपर गर्नु-----१
२. प्रस्तुत फैसलामा चित नबुझे ७० दिन भित्र पर्सा जिल्ला अदालत वीरगंजमा पुरावेदन गर्नुभनी प्रतिवादीलाई पुनरावेदनको म्याददिनु-१
३. फैसलाको जानकारी जिल्ला सरकारी वकिल कार्यालय पर्सालाई दिनु--------------------------------------------------------------१
४. प्रस्तुत मुद्दाको दायरी लगत कट्टा गर्नु र सरोकारवालाले फैसलाको नक्कल माँग गरेमा रितपुर्वक नक्कल दिनु----------------------१

दिनेश सागर भुसाल
प्रमुख जिल्ला अधिकारी

ईति सम्बत् २०८१ श्रावण महिना २४ गते विहीवार रोज ५/ ने.सं. ११४४ गुंलाथ्व चतुर्थी, शुभम् ........